
सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक



मधेस सरकारले प्रधानमन्त्रीलाई बुझायो ६ बुँदे ध्यानाकर्षण

पेज ३ मा

♦ वर्ष ७ ♦ अंक ६१ ♦ २०८० साल कार्तिक २४ गते शुक्रवार ♦ 10 Nov 2023 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## जोखिमपूर्ण बन्दै धनुषा-सिरहा जोड्ने कमलाको काठे पुल

**खबर दर्पण समाचारदाता**

**कार्तिक २३ गते, महेन्द्रनगर**

दैनिक एक हजार भन्दाबढी मोटरसाइकल आवतजावत गदै आएको हुलाकी सडक अन्तर्गत धनुषा-सिरहा जोड्ने कमला नदीमा सञ्चालनमा आएको काठको पुल जीर्ण बन्दै गएको छ ।



वर्षायाम सुरु भएसँगै गत असार देखि नदीमा पानीका बहाव बढेपछि सिरहा नगरपालिकाले तत्कालका लागि बाँस प्रयोग गरी अस्थायी प्रकृतिको काठको पुल बनाएको थियो ।१२ वर्षदेखि निर्माणाधीन कमलाको पक्की पुल समयमा सम्पन्न नहुँदा यात्रु जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् । बर्खायाममा हुलाकी मार्गका यात्रु तथा नदी वारि पारिका दुवै जिल्लाका स्थानीयवासीलाई आवतजावत गर्न सास्ती पर्ने गरेको छ ।

“नजिकैको बजार पनि यतै छ, नातेदार पनि यतै छन्”, पुल तरेर सिरहा बजार आउनुभएका धनुषाको कमला नगरपालिका निवासी अन्सारुल राइनले भन्नुभयो, “बिहानसम्म आवतजावत सहज थियो, तर अहिले दिउँसो पुलमाथिका काठ

*बाँकी पृष्ठ २ मा*

## औरहीका एकसाथ बेपत्ता भएका पाँच जना किशोरीलाई अभिभावकको जिम्मा लगाइयो

**धवेन्द्रकुमार यादव 'यदुवंशी'**

**कार्तिक २३ गते, महोत्तरी**

महोत्तरीको औरही नगर पालिका-२, बाट गत मङ्गलबार देखि एकसाथ बेपत्ता भएका पाँच जना किशोरीलाई अभिभावकको जिम्मा लगाइ घर पठाइएको छ। महोत्तरीको औरही नगरपालिका २ का १६ वर्षीय बसन्ती सदा, १६ वर्षीय प्रतिमा सदा, १८ वर्षीय सङ्गीता सदा, १५ वर्षीय राजन सदा, २० वर्षीय रुबी सदा मंगलवारदेखि सम्पर्कविहीन भएका थिए। वेपता भएका पाँच जना किशोरी धनुषाको ढल्केवर मा फेला परेका थिए। उनीहरु विहिवार विहान १० बजेतिर धनुषाको मिथिला नगरपालिका-६ ढल्केवरमा फेला परेकोका थिए । जिल्ला प्रहरी कार्यालय महोत्तरीका डिएसपी एवं प्रवक्ता दीपक गिरीका अनुसार ती किशोरीहरू मंगलबार बिहान ११ बजे घरबाट हिँडेको र साँझ ५ बजेसम्म घर नफर्केपछि परिवार जनले जानकारी गराएको थियो ।

सम्पर्कविहीन रहेको किशोरीहरूको खोजतलासको क्रममा ढल्केवरमा फेला परेको पछि उनिहरुलाई इलाका प्रहरी कार्यालय गौशला महोत्तरीलाई जिम्मा लगाइएको थियो । किशोरीहरु घर बाट अर्केस्ट्रामा काम गर्छु भनेर घरमा नभनि सिरहाको मिर्चैया पुगेका थिए। उनिहरुले घरको मोबाइलमा टिकटक हेर्दै अर्केस्ट्राको पोस्टर हेरेर त्यहाँबाट नम्बर लिई फोन गरेर घरबाट ढल्केबर पुगेर अर्केस्ट्राका ब्यक्ती ढल्केवरबाट उनिहरुलाई सिरहाको मिर्चैया पुर्याएका थिए ।



तर त्यहाँ पुगे पछि किशोरीहरु बुबा आमाको माया र याद आए काम नगर्ने भनेपछि पुनः उनिहरुलाई सिरहाबाट घर फिर्ता पठाई दिएका थिए सोहि बेला ढल्केबरमा विहिवार बिहान् १० बजे ढल्केवर पुग्दा धनुषाको ढल्केवर प्रहरीले नियन्त्रणमा लिएर ईलाका प्रहरी कार्यालय गौशालालाई जिम्मा लगाएको थियो । गौशलाका प्रहरी निरिक्षक मनोज यादव लगायत अधिकारकर्मी तथा संचार कर्मीहरुले किशोरीहरुलाई काउन्सिलिङ गरि अभिभावकको जिम्मा लगाइ घर पठाइएको छ । ईलाका प्रहरी कार्यालय गौशलाले किशोरीहरुलाई घर परिवार र औरही नगर पालिकाका मेयर प्रदीप खड्कालाई जिम्मा लगाएर पठाएको हो ।

### आगलागि भएमा सम्पर्क गरौं

**जनकपुरधाम उप महानगरपालिकाको अकास्मिक सेवा वारुण यन्त्र शाखाको सम्पर्क नम्बर ९८५४०२००४ र ०४१-५२००११ मा आगलागी भएका सम्पर्क गर्न हुन सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ।**

**जनकपुरधाम उपमहानगरपालिका**

धनुषा



# जोखिमपूर्ण बन्दै .....

भाँचिन लागेछ। स्थानीय युवाले काठका फलेकमा काँटी ठोकेर मर्मत गरेकाले जसोतसो पुल पार गरियो ।" नगरपालिकाले यही काठको पुल पनि मर्मत सम्भारमा ध्यान नदिएको गुनासो उहाँले गर्नुभयो ।

यात्रुलाई नदी वारपार गर्नलाई नजिकैको अर्को कुनै विकल्प नभएको सिरहा नगरपालिका-६ का वडा सदस्य उमेश यादव बताउनुहुन्छ । "यहाँको दुर्गति भनेकै यो पक्की पुल निर्माणमा ढिलाइ गर्नु हो । विकल्पको रूपमा आवतजावत गर्नलाई कि त पूर्व-पश्चिम महेन्द्र राजमार्ग मिर्चैया-कर्जना भएर वा सीमावर्ती भारतीय बजार जयनगर पुगेर करिब दुई घण्टा लामो यात्रा गर्नुपर्छ", यादवले भन्नुभयो, "निर्माणाधीन पक्की पुल बन्छ र सहज यात्रा होला भनेर आशामै बसेको पनि एक दशकभन्दा बढी भइसक्यो। खोइ कहिले सम्पन्न हुने हो कुनै निश्चित छैन ।"

हुलाकी सडकअन्तर्गत धनुषा-सिरहा जोड्ने कमला पुल निर्माण सम्झौता भएको १२ वर्षपछि सञ्चालन नहुँदै दुई वर्षअघि भाँसिएको थियो। वि.सं.२०६८ मा तीन वर्षभित्र पुल निर्माण गरिसक्ने सम्झौता भएको थियो तर पटक पटक म्याद थपेर करिब दश वर्ष लाग्यो। निर्माण कम्पनीले ९५ प्रतिशतभन्दा बढी काम सम्पन्न भई उद्घाटनको तयारी गरिरहेकै बेला वि.सं.२०७८ असार र कात्तिकमा आएको बाढीले पुल भाँसिएपछि पुनः निर्माणको काम तत्काललाई अनिश्चित भयो ।

निर्माण कम्पनी लुम्बिनी बिल्डर्स कन्स्ट्रक्सनले आगामी चैत मसान्तसम्म भाँसिएको पुल पुनः निर्माण गर्ने गरी काम सुरु गरेको थियो । तर कमला नदीमा बढेको पानीको बहावका कारण पुनः निर्माणको काम असार नलाग्दै रोकियो ।

निर्माण कम्पनीका अनुसार तिहार तथा छठ पर्वपछिबाट रोकिएको पुल निर्माणको काम पुनः सञ्चालन हुनेछ ।-रासस

# ढल्केवरको दुर्गा मन्दिरमा भक्तजनहरुले चढाएको सुनका गहना मन्दिरका पुजारीलाई हस्तान्तरण

**दिवेश कुमार महतो**

**कार्तिक २३ गते, महेन्द्रनगर**

धनुषाको मिथिला नगरपालिका -६ ढल्केवरस्थित माँ वैष्णव दुर्गा मन्दिरलाई १४ अना सुन हस्तान्तरण गरिएको छ।

दशैं अवधिभर दर्शनार्थीहरुले मन्दिर चढाएको सुनका टिकलीहरुलाई संकलन गरेर दुर्गा पुजा मेला समिति ढल्केवरले ८ अना सुन बनाएर मन्दिरका पुजारीलाई हस्तान्तरण गरिएको छ भने दुर्गा पुजामा पुजक को रुपमा बसेका स्थानिय समाजसेवी व्यवसायी राजलाल महतोले आफ्नो व्यक्तिगत तर्फबाट ६ अना सुन हस्तान्तरण गरिएको छ।







बिहिबार दुर्गा पुजा मेला समितिका पदाधिकारीहरुले जम्मा ८ र ६ गरी जम्मा १४ अना सुन मन्दिरका व्यवस्थापक को जिम्मा लगाइएको कुरा दुर्गा पुजा मेला समितिमा अध्यक्ष रहेका विवेक ठाकुरले बताए। उनका अनुसार " दशैं को सप्तमी देखि नवमी सम्म दर्शनार्थीहरुले मन्दिरमा चढाइएको टिकलीहरुलाई संकलन गरेर एकमुष्ठ रुपमा मा नै मन्दिरको व्यवस्थापकलाई जिम्मा लगाएका छौं। यस भेगमा माँ वैष्णव दुर्गा मन्दिरमा कुभिण्डो (कुम्हर) को बली दिई आमजनसमुदायमा शान्ति र अहिंसाको सन्देश दिदै आएकोले यस मन्दिरले ऐतिहाँसिक र पौराणिक कालदेखि नैं आस्थाको महत्व बोकेको छ।

यसको विकासको लागि मन्दिर व्यवस्थापन गर्न समितिलाई दर्ता प्रकिया तिर लाग्ने र यसमा थप निखार ल्याउनका लागि विभिन्न संघसंस्थाहरु सँग मिलेर आगाडि बढ्ने कुरा व्यक्त गरे ।


## विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिका दसै, दिपावली, तिहार र छठ पर्वको अवसरमा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९


# भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - काममा अपजस हात लाग्नेछरु। मिष्ठान्न भोजन प्राप्त हुने, चाहेको वस्तु सजिलै प्राप्त हुनेछ। साताको अन्त्यमा काममा असफलता, धनको नाश हुने योग छ ।

**वृष**-चाहेको वस्तु सजिलै प्राप्त हुनेछन्। साताको अन्त्यमा समय अनुकूल रहनेछ। आम्दानी राम्रो हुनेछ, काममा सफलता मिल्नेछ। प्रेमीका संग यात्राको योग छ ।

**मिथुन**- सुख प्राप्त हुने, धनलाभ हुने, शत्रुको नाश हुने, मिष्ठान्न भोजन मिल्ने, मान-सम्मान प्राप्त हुने, आम्दानीमा सुधार हुनेछरु। अपूरा कार्य पूर्ण हुनेछन्।

**कर्कट** - मनमा उत्साह बढ्नेछ। दिनको उत्तरार्द्धमा मानसिक थकान बढ्नेछ। आफन्तसँगको भेटले मन प्रफुल्ल बन्नेछ। कान्तिक्षय हुनेछ। उपहारआदी प्राप्त हुनेछ ।

**सिंह** - स्वास्थ्य प्रतिकूल रहने, यात्रामा बाधा आउनेछ । रोगको नाश हुने, मिष्ठान्न भोजन प्राप्त हुने, मान-सम्मान प्राप्त हुने र कामको जिम्मेवारी बढ्नेछरु।

**कन्या** - परिवारबाट सन्तोष मिल्ने, आपसी समझदारीबाट काम सफल हुने, र आम्दानी बढ्नेछ तथा सोचेको काम पूरा हुनेछरु। स्वास्थ्य तथा यात्रामा असफलता हात लाग्नेछ ।

**तुला** -सरकारी काममा सफलता हुनेछरु। दाजु-भाइसँग भेट हुने योग छ। आम्दानीमा राम्रो सुधार हुनेछरु। बौद्धिक व्यक्तिसँग भेटघाट हुनेछ। धार्मिक यात्राको योग रहेको छ ।

**वृश्चिक** -साताको सुरुमा शत्रुले दु:ख दिने, मनमा डर रहने, पेटसम्बन्धी समस्याले सताउनेछरु। आयआम्दानीको स्रो बढ्नेछरु। साताको अन्त्यमा सरकारी काममा सफलता र नोकरीमा उन्नति हुने योग छ ।

**धनु** - दाजु-भाइको सहयोगबाट आम्दानी हुनेछ। साताको अन्त्यमा मिष्ठान्न भोजन प्राप्त हुने, चाहेको वस्तु सजिलै प्राप्त हुनेछ ।

**मकर** -आय आर्जनमा गतिरोध आउनेछ। राजनीतिमा सफलता प्राप्त हुनेछ। दैनिक कार्यमा प्रशंसा प्राप्त हुनेछ। अनावश्यक खर्च बढ्नेछ।

**कुम्भ** -मिष्ठान्न भोजन, मान-सम्मान प्राप्त हुने, धनलाभ हुने, सुख प्राप्त हुने र कामको जिम्मेवारी बढ्ने योग छ। स्वास्थ्य प्रतिकूल रहने, शरीरमा आलस्यता हुनेछ।

**मीन** -काममा बाधा, खर्च वृद्धि हुनेछरु। परिवारबाट सुख, आम्दानीमा सुधार, काममा सफलता हात लाग्नेछरु। शुक्रबार भने मनमा डर-चिन्ता रहनेछ। धार्मिक यात्राको योग छ ।

# आवश्यक टेलिफोन नम्बरहरू

## जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

## वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

## ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

## जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

## महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९

विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# अरु बेला फुर्सदिला बन्ने कुमालेहरु अहिले माटाको दियो र पुजाका सामाग्रीहरु बनाउन व्यस्त

**अजयकुमार साह**

**कार्तिक २३ गते, महेन्द्रनगर**

नेपालीहरुको दोश्रो ठूलो चाड दिपावली नजिकी रहेको समयमा परम्परागत रुपमा माटोको भाडाँ वनाउने काम गर्दै आएका कुमालेहरुलाई माटोको दियो लगायतका पुजाका भाँडा वनाउन निकै व्यस्त बनेका छन् ।

अरु बेला फुर्सदिला हुने कुमालजाती दिपावली, छठ जस्ता चाड पर्वहरु आएर व्यस्त भएका हुन् ।

दिपावलीको समयमा दियो ,धुपोउरो कलश लगायतका माटोका सामाग्रीहरुको माग बढी हुने गरेको कारण कुमालेहरुलाइ अहिले यस्ता सामाग्रीहरु बनाउन भ्याइनभ्याई छ ।

अन्य समयमा आलमोनियम र प्लाष्टीकका भाडाँहरुको कारण वजार पाउन नसक्ने माटाका भाडाँहरु दिपावली छठ लगायतका चाडपर्वका समयमा भने माग बढी हुने गरेको छ । पुजाका लागि आवश्यक पर्ने माटाका भाडाँहरुको माग वढ्ने गरेको कारण यो समयमा कुमालेहरुलाई भ्याइनभ्याई हुने गरेको छ । विशेष गरी दिपावलीलाई वत्तीको पर्वको रुपमा समेत लिने गरीएको छ ।

झिलीमीली वत्ती वालेर धुमधामका साथ मनाईने दिपावली अर्थात तिहारमा अन्य समयको भन्दा वढी माटाका दियो , धुपोउरो, कलश लगायतका समाग्रीहरुको माग हुने गरेको कारण यो समयमा कुमालेहरु यस्ता समाग्रीहरु वनाउन व्यस्त रहने गरेका छन ।

धनुषाको विभिन्न पालिकामा वसोवास गर्ने कुमालेहरुले पुर्खौली पेशाको रुपमा माटोको भाडाँ बनाउने काम गर्दै आएपनि पछिल्लो समयमा माटोको काममा निर्भर हुन सकिने अवस्था नभएकाले चाडपर्वका समयमा मात्र माटोको काम गर्ने र अन्य समयमा अन्य काम गर्न थालेका छन् ।





चाडपर्वको विधि र प्रयोगको अभ्यासले दसैंभन्दा तिहार र छठमा माटाका भाडाको माग बढ्ने भएकाले दसैं सके लगत्तै कुमालहरु माटाका भाडा बनाउन दिनरात नभनी जुटेका छन्। चाडपर्वका वेला बढी खपत हुने माटोको भाँडा माग अनुसारको पुरा गर्न यतीवेला कुमालेहरुलाई भ्याइनभ्याइको देखिएको छ ।

दीपावली (तिहार) र छठ पर्वमा कलश, दियो, घडा (गाग्रो) र छ्याँची (दही जमाउने भाडा), तौला (माटोको डेक्ची) र ढकना ( बिर्को) सहित नयाँ माटाका भाडा प्रयोग गरिने मैथिल परम्परा अनुसार धनुषा सहित तराईका जिल्लाहरुका गाउँ, नगर, बस्तीमा माटाको माग बढ्ने गरेको छ।

यसै बेलालाई आङ्ग+ नो कमाइको मुख्य अवसर ठानेका कुमाले अहिले भाडा बनाउन व्यस्त भएका हुन्।

'दसैंमा त हाम्रो सीपको खासै माग हुँदैन, खोजमेल गरेर नै दसैं टारियो', क्षीरेश्वरनाथ नगरपालिका(८ इच्छापुरका कुमाले टोलका सुरेन्द्र पण्डित कुमालले भने, 'दीपावली र छठमा भने अनिवार्य विधिमै माटाका भाडाको प्रयोजन जोडिएकाले हाम्रो माग बढ्छ। दसैंपछिको तिहार र छठअघिको समय नै आफूहरुको वर्षभरिको नगद खर्चको जोहो गर्ने उपयुक्त समय हुने सुरेन्द्रको थप भनाइ छ।

अन्य बेला खासै प्रयोगमा आउन छाडेका माटाका भाडा पर्व विशेषमा मिथिला परम्परामा अनिवार्यजस्तै मानिँदै आइएकाले जिल्लाका सबैजसो बजारमा यसको बेग्लै बजार जमेको देखिँदोछ। कुमालजातीले परम्परादेखी माटोको भाँडा बनाउदै आएपनि अहिलेका युवा पुस्ताले परम्परागत पेशालाई नअपनाएपछि बजार को माग अनुसार धान्न गाऱ्हो भएको उनिहरु बताउन्छन् ।

दीपावली र छठपर्वमा बालिने बत्ती माटोकै दियोमा बालिने, छठपर्वमा सूर्यदेवलाई चढाइने दही माटोकै छ्याँचीमा जमाउनु पर्ने, लक्ष्मीपूजा र छठ आराधनाका बेला माटोकै कलश स्थापना गरिने र अन्य पूजा सामग्री पनि माटोका नयाँ भाडामा राखिनुपर्ने परम्परागत मान्यताले यी पर्व विशेषमा माटाका भाडाको कारोवार बढ्ने गरेको छ। यसै परम्पराको अवसरमा दीपावली र छठअघि माटाका भाडाको बजार जम्ने गरेका कुमालहरु बताउँछन्। माटोको दियो तथा अन्य माटोको भाँडा वनाउन धनुषाको क्षीरेश्वरनाथ नगरपालिका ४ हरैयामा बसोबास गर्ने कुमालेहरु यतीवेला व्यस्त भएको देखिन्छ । उनिहरुले बनाएका माटाका भाँडाहरु सखुवा बजार, महेन्द्रनगर, ढल्केवर, जनकपुरधाम देखी महोत्तरीको वर्दिवास सम्म बिक्री वितरण हुने गरेको छ ।

दीपावली र छठ मिथिला क्षेत्रको साझा पर्वजस्तै भएकाले धनुषाका सबैजसो गाउँनगर बस्तीका हटियामा माटाका भाडाका छुट्टै बजार लाग्ने गरेको छ। साप्ताहिक हाट बजार (सातामा दुई दिन सम्म लाग्ने बजार) बाहेक नगरगाउँ बस्तीका चोकचोकमै कुमालेले माटाका भाडाको बजार लगाउन शुरु गरिसकेका क्षीरेश्वरनाथ उद्योग वाणिज्य संघका अध्यक्ष सुरेश यादव बताउँछन्। उनले मिथिला क्षेत्रमा माटाका नयाँ भाडा शुभकार्य गर्न उत्तम हुने सामाजिक, सांस्कृतिक र धार्मिक मान्यताले दीपावली र छठ पर्वमा यसको माग बढ्ने गरेको बताए ।

विष्णु पण्डित कुमालेको अनुसार आफूले माटाका भाँडा बनाउन थालेको ४५ वर्ष जति भयो । हजुरबुवाहरुबाट आफुले यो सिप सिकेर माटाका भाँडा बनाउदै बिक्रि बिवतरण गरीरहेको उनले बताए ।उनले एक दिनमा ५ सय जति माटोको दिया बनाउने गरेको बताए ।चिने जानेकोले घरमा आएर खरीद गर्ने गरेको उनले बताए । बढी जसो होलसेल पसलमा माटाका भाँडा बिक्री गर्ने गरेका पण्डितले बताए । अहिले आफु सगँ भए जतिको माटाका दियाँहरु सबै बिक्री बिवतरण गरीसकेको र नयाँ बनाउन लागेको उनले बताए ।उनले भाडा बिक्रीबाट आर्जित आम्दानीबाटै तिहार, छठ मनाइने, दसैं मनाइएको सरसापट तिर्ने र वर्षभरिका अन्य नगद खर्चको जोहो गरिने अहिले आफूहरुको उपयुक्त अवसर भएको बताउँछन् ।

यसपालि दसैं सकिए लगत्तै जमेको माटाका भाडाको बजार छठसम्म रहने भएकाले र मूल्य वृद्धि समेत भएकाले यो छठ पर्व सम्म करिब करिब १५ लाखभन्दा बढीको कारोवार हुने जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठले बताए ।


कुमालेहरुको मुख्य पेशा माटाका भाडा बनाउने रहेपनि थोरै आम्दानी हुने भन्दै नयाँ युवा पुस्ताले परम्परागत पेशालाई अवमुल्यन गरेका कारण चाडपर्वको वेला बढेको माग पुरा गर्न हम्मे हम्मे परेको क्षीरेश्वरनाथ नगरपालिका ६ सखुवाबजार का ५५ वर्षिय लक्ष्मण पण्डित कुमालेले बताए। सरकारले माटोको भाँडा बनाउने व्यवसायको बजार प्रवर्धनमा सहयोग गरेमा नयाँ पुस्ताको आकर्षण बढ्ने र परम्परा पनि कायम रहने उनको आशय छ।

सखुवाबजार नयाँटोल बस्ने ६० वर्षीय जयनारायण पण्डितले माटोको पूजाका लागि भाँडाकुँडा बनाउदा अरु बेलामा भने जस्तो आम्दानी नहुने हुँदा जिविकोपार्जन मै समस्या हुने गरेको बताए। पुर्खाले अगाल्दै आएको पेसालाई आफुहरुले छोड्न नसकिएको उनको भनाई छ । भने जस्तो आम्दानी नभए पनि सामान्य रुपमा घर खर्च चलिरहेको छ । केही वर्ष आगाडि सम्म माटाका भाडाँ वनाउने पेशा अँगाल्दै आएका कुमालेहरु वढ्दो आलमोनियम र प्लाष्टीकका भाडाँहरुसंग माटाको भाडाँले प्रतिस्पर्धा गर्न सकिरहेका छैनन् । प्लाष्टिकका सामानहरु सस्तोमा पाउने तथा आफुहरुले प्रयोग गर्ने माटो, दाउरा र रंगरोगनका सामाग्रीको मुल्य बढेका कारण पेशालाई निरन्तरता दिन कठिनाइ भएको वटेश्वर गाउँपालिका ५ शान्तिपुरका दशरथ प्रसाद पण्डितले बताए। आफुहरुले ३६ किसिमका माटाका भाँडाहरु बनाउने गरेको उहाँको भनाई छ। अहिले माटो लगायत बनाइएको सामग्रीहरु आगोमा पकाउनको लागि आवश्यक सबै सामग्रीहरु खरीद गर्नु पर्ने हुँदा लागत अनुसारको आम्दानी नहुने भएकोले युवा पुस्ताले परम्परागत पेशाप्रति उदासिनता देखाएको दशरथ पण्डितको भनाईछ । अहिलेसम्म पुख्यौली पेशालाई आफुहरुले जसोतसो धानेपनि नयाँ पुस्ताले देखाएको उदासिनताका कारण भविष्यमा माटोको भाँडाको विकल्पमा अन्य भाँडाले ठाउँ लिनेमा चिन्तीत कुमाले जाती देखिन्छन् ।

मिहिनेत अनुसार आम्दानी नहुने तथा माटोको भाडाँकुडा वनाउन प्रयोग हुने माटो सहज रुपमा नपाइने , माटोका भाडाँ पोल्न प्रयोग गरिने दाउँरा , रगंरोगनका सामाग्रीको मुल्य वृद्धि भएपनि आफुहरुले वनाएका माटाका भाँडाहरुले मुल्य नपाउने गरेको धनुषाको क्षीरेश्वरनाथ नगरपालिका ८ इच्छापुरका कुमाले सुरेन्द्र पण्डित गुनासो गर्दछन् । चाडपर्वको समयमा अन्य समयमा भन्दा वढी माटाका पुजा सामाग्रीको माग वढी हुने गरेको भएपनि अन्य समयमा माटाको भाडाँहरुको माग हुन छोडेको उनि वताउछन्। माटोको काम गर्नेहरुलाई सरकारी स्तरबाट खासै चासो नदिएको भन्दै स्थानीय सरकार तथा अन्य निकायहरुले माटोको काम गर्नेहरुलाई प्रोत्साहन गर्न माटो मुछ्ने मेशिन , माटोको भाडाँ वनाउने चक्र सहित समयसमयमा सेरामीक तालिम समेत उपलव्ध गराउनु पर्ने क्षीरेश्वरनाथ नगरपालिका ४ हरैया बिष्णु लाल पण्डितले बताए ।



# मधेस सरकारले प्रधानमन्त्रीलाई बुझायो ६ बुँदे ध्यानाकर्षण



**खबर दर्पण समाचारदाता**

**कार्तिक २३ गते, महेन्द्रनगर**

मधेस प्रदेश सरकारले प्रदेश प्रहरी समायोजन लगायतका ६ बुँदे माग राखेर प्रधानमन्त्री पुष्पकमल दाल 'प्रचण्ड'लाई ज्ञापन पत्र बुझाएको छ ।

बिहीबार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरबारमा पुगेर मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवसहितको टोलीले ध्यानाकर्षण पत्र बुझाएको हो । संघीयता भएको ८ वर्ष भइसक्दासमेत प्रदेश सरकारले पाउने संवैधानिक अधिकार नपाएकाले ध्यानाकर्षण गराउनुपरेको मुख्यमन्त्री यादवले बताए ।

उनले ३० दिनभित्र प्रदेशका माग सम्बोधन नगरे शान्तिपूर्ण आन्दोलन गर्ने चेतावनी पनि दिए ।

प्रदेश प्रहरी समायोजन, संघीय निजामती सेवा ऐन, सार्वजनिक जग्गाको प्रयोगलगायत सम्बन्धमा आधारित भइ ज्ञापन बुझाएको उनको भनाइ छ । ज्ञापन पत्र बुझ्दै प्रधानमन्त्री पुष्पकमल दाहालले मागहरु जायज भएको र ३० दिनभित्र सम्बोधन गर्ने प्रतिबद्धता जनाएको मुख्यमन्त्री यादवले बताए ।

# गौशालामा नापी तथा मालपोत कार्यालय संचालन



**खबर दर्पण समाचारदाता**

**कार्तिक २३ गते, महोत्तरी**

महोत्तरीको गौशालामा नापी तथा मालपोत कार्यालय संचालन आएको छ। जिल्लाको मुख्य व्यापारिक केन्द्र गौशालामा नापी कार्यालय र मालपोत कार्यालय संचालनमा आएको हो ।

लामो समयको प्रयासपछि गौशालामा संचालनमा आएको नापी तथा मालपोत कार्यालयबाट गौशाला, औरही नगरपालिका र सोनमा गाउँपालिकाका जनसमुदायले प्रत्यक्ष रुपमा सेवा लिन सक्ने भएका छन् ।

गौशालामा नापी तथा मालपोत कार्यालय नहुँदा जनसमुदायलाइ टाढा गएर काम गर्नुपर्दा निकै खर्च हुने गरेको थियो । अब भने त्यस्ता समस्याबाट उल्लेखित पालिकाका स्थानीयहरु मुक्त हुने भएका छन् । गौशाला, औरही, सोनमाजस्ता पालिकाको स्थानीय वासीलाइ नापी र मालपोतको सेवा लिन सदर मुकाम जलेश्वर पुग्नुपर्ने बाध्यता हटेको छ ।

मालपोत कार्यालय संचालनको लागि आज कर्मचारीको व्यवस्थापन भएको छ । भुमि व्यवस्थापन तथा अभिलेख विभागका महा निर्देशक बिदुर खनाल ,निदेशक हरि कृष्ण सुवेदी , रोशन शंकर घिमिरे ,शाखा अधिकृत तेजनाथ पोखरेल लगायत कम्प्युटर अपरेटर परमेश्वर पौडेलको संयुक्त प्रयासले कर्मचारी व्यवस्थापन गरिएको अनेरास्वविय (क्रान्तिकारी ) का केन्द्रिय उपाध्यक्ष सुर्य नारायण साहले जानकारी दिएका छन् । कार्यालयको लागि भौतिक पूर्वाधारको तयारीमा कुनै कमी नहुने उनको भनाइ छ। उनले भने , "अब चाही यहाँका जनताहरुले सहजै मालपोत तथा नापी कार्यालयको सेवा सुविधा प्राप्त गर्न सक्नेछन । टाढा जानुपर्ने बाध्यता हटेको छ । उद्योग वाणिज्य संघ गौशालाको अध्यक्ष रामराजा प्रसाद साह लगायत हाम्रो अथक प्रयासले आज यो काम सफल भएको छ ।" साथै उनले कार्यालयमा सुरक्षा व्यवस्थाको लागि आवश्यक मात्रामा त्यहाँ सुरक्षाकर्मी समेत परिचालन गरिने जानकारी दिए ।

वि.स. २०७८ साल चैत्र २० गते भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रि शशी श्रेष्ठले गौशालामा मालपोत कार्यालय स्थापना गर्ने वाचा गर्नुभएको थियो ।


चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

भंगहा नगरपालिका, महोत्तरी

सूचनाको हकको सम्बन्धमा सार्वजनिक निकायको दायित्व

- नागरिकको सूचनाको हकको सम्मान र संरक्षण,
- सूचना वर्गीकरण र अद्यावधिक गरी समय समयमा सार्वजनिकीकरण,
- सूचनामा नागरिकको सरल र सहज पहुँचको व्यवस्था,
- खुला र पारदर्शी रूपमा काम कारवाहीको सम्पादन

सार्वजनिक निकायले उल्लिखित दायित्व निर्वाह गरी नागरिकको सूचना पाउने हकअधिकार सुनिश्चित गरौं।

मिथिला नगरपालिका, धनुषा






चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।


विदेह नगरपालिका, धनुषा


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा